# जग्गा खरिद गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२३**

यस विकास बैंकको केन्द्रीय कार्यालयको भवन निर्माण गर्नको लागि काठमाण्डौ महानगरपालिका अर्न्तगत जमल/कान्तिपथ देखि लैनचौर, लाजिम्पाट हुँदै महाराजगञ्जसम्म वा नागपोखरी, हात्तीसार, कमलादी, पुतलीसडक, कमलपोखरी, नक्साल, बालुवाटार, ज्ञानेश्वर तथा आसपासका क्षेत्रमा उपयुक्त जग्गा खरिद गर्नुपर्ने भएको हुँदा जग्गा बिक्री गर्न ईच्छुक व्यक्ति/संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले **१५ दिनभित्र** देहायका शर्त तथा बन्देजहरुको अधिनमा रही यस विकास बैंकको सामान्य प्रशासन विभाग, केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाण्डौमा आईपुग्ने गरी शिलबन्दी बोलपत्र प्रशताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्त तथा बन्देजहरुः**

१. बोलपत्र फाराम रु.१,०००/- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) (फिर्ता नहुने गरी) बुझाई यस विकास बैंकको सामान्य प्रशासन विभाग, केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।

२. जग्गाको क्षेत्रफल कम्तिमा २ रोपनी हुनुपर्नेछ ।

३. प्रस्तावित जग्गामा चार पांग्रे सवारी साधन सहज रुपमा आवत-जावत हुने कम्तीमा २० फिटको बाटो लगायत विद्युत, ढल, खानेपानी, टेलिफोन ईन्टरनेट लगायत अन्य आधारभूत सुविधाहरु तथा नेपाल सरकारले भूमि सम्बन्धी तोकिएका सम्पूर्ण मापदण्डहरु पूरा भएको हुनुपर्नेछ ।

४. प्रस्तावित जग्गाको सम्बन्धमा कुनै प्रकारको मुद्दा मामिला, विवाद, झै-झगडा, गुठी, मोही आदि नभएको हुनुपर्नेछ ।

५. बोलपत्र पेश गर्दा जग्गाको दरभाउ अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरी पेश गर्नुपर्नेछ । दरभाउ अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको दरभाउ मान्य हुनेछ ।

६. विकास बैंकले नामसारी गर्नु पूर्व बुझाउनु पर्ने सम्पूर्ण तिरो/कर तथा नामसारी प्रयोजनमा लाग्ने पूँजीगत लाभकर जग्गाधनी स्वयंले व्यहोर्नु पर्नेछ ।

७. शिलबन्दी बोलपत्रमा निम्न लिखित कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।
   - क) जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि,
   - ख) जग्गाधनीको नागरिकताको प्रतिलिपि वा फर्म/कम्पनी भए संस्था दर्ताको प्रमाणपत्र र सञ्चालक समितिको निर्णय, अद्यावधिक कर चुक्ता प्रमाणपत्र
   - ग) तिरो तिरेको अद्यावधिक रसिदको प्रतिलिपि,
   - घ) जग्गाको ब्लुप्रिन्ट, ट्रेस नक्सा, प्रमाणित चारकिल्ला र Location Map

८. एक वा एक भन्दा बढी जग्गाधनीहरुले संयुक्त रुपमा प्रस्ताव पेश गर्न सक्नेछन ।

९. बोलपत्र सम्बन्धित जग्गाधनीले मात्र पेश गर्नुपर्नेछ । फर्म/कम्पनीको हकमा अख्तियार प्राप्त व्यक्तिले बोलपत्र पेश गर्न सक्नेछन् ।

१०. शिलबन्दी बोलपत्र खाममा "गरिमा विकास बैंकका लागि जग्गा विक्री प्रस्ताव" उल्लेख गरी मिति २०८० माघ ८ गते कार्यालय समय भित्र यस विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौ स्थित सामान्य प्रशासन विभागमा आइपुग्ने गरी बुझाउनु पर्नेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन कार्यालय समयभित्र प्रशताव-पत्र पेश गर्न सकिनेछ ।

११. पेश हुन आएका प्रस्तावहरुमध्ये विकास बैंकलाई उपयुक्त लागेको प्रस्तावका सम्बन्धमा थप छलफलको लागि सम्बन्धित जग्गाधनीलाई सम्पर्क गरिनेछ । उपयुक्त नलागेको प्रस्तावका सम्बन्धमा कुनै जानकारी प्रदान गर्न वा सम्पर्क गर्न विकास बैंक बाध्य हुने छैन ।

१२. बोलपत्र स्वीकार गर्ने वा नगर्ने वा छनौटमा परेका प्रस्ताव उपर पूनः नेगोसिएसन गर्ने वा थप शर्त बन्देज लगाउने सम्पूर्ण अधिकार यस विकास बैंकमा निहित रहनेछ । साथै, बोलपत्र अस्वीकृत भएमा अस्वीकृत हुनुको कारणको बारेमा जानकारी गराउन विकास बैंक बाध्य हुने छैन ।

१३. म्याद नाघी वा रीत नपुगी पेश भएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

*"Access to All"*


**गरिमा विकास बैंक लिमिटेड**
**Garima Bikas Bank Limited**
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था
**केन्द्रीय कार्यालयः** काठमाडौं-२, लाजिम्पाट
**सम्पर्क नं.:** ०१-४५४५४२४/२५/२६ **कल सेन्टरः** ०१-५९७०१७९
**इमेलः** info@garimabank.com.np **वेबसाईटः** www.garimabank.com.np